## पाठ - 15
## रसूल ﷺ को जीवनबाट केहि खास

## الدرس الخامس عشر - نيبالي
## مواقف وعبر من سيرته ﷺ

**रसूल ﷺ को दिल्लगी :** रसूल ﷺ आफ्नो साथीहरु सँग ठट्टा र दिल्लगी पनि गर्नु हुन्थ्यो तर सत्य बाहेक अरु केहि भन्दैनन्थे, आफ्नो परिवार सँग खेलथे , र सानो सानो बच्चाहरुको देखरेख गर्थे, उनीहरुको लागि समय निकालथे, र उनीहरुको क्षमता र बुद्धि अनुसार उनीहरु सँग कुरा गर्थे, आफ्नो सेवक हजरत अनस बिन मालिक رضي الله عنه सँग दिल्लगी गर्थे, र कहिले उहाँलाई «हे दुइ कानवाला» भनेर पुकार थे ।

एउटा व्यक्तिले आएर भन्नु भयो, हे अल्लाहको रसूल ! मलाई सवारि प्रदान गर्नु त नबी ﷺ ले ठट्टा गर्दै भन्नु भयो, «तिम्रो सवारिको लागि हामीले ऊँटनीको बच्चा प्रदान गर्ने छौं» त त्यो व्यक्तिले भन्नु भयो, म ऊँटनीको बच्चा लिएर के गर्छु मलाई सवारी चाहियो ? त नबी ﷺ ले भन्नु भयो कि «जन्मको समय ऊँट पनि बच्चा नै हुन्छ» । नबी ﷺ सँधै आफ्नो साथीहरु बीच हाँसने र मुस्कुराउने गर्थे, राम्रो कुरा बाहेक आफ्नो मुखले अरु केहि भन्दैनथे, हजरत जरिर رضي الله عنه ले भन्नु हुन्छ कि «मुस्लिम भए देखि आज सम्म कहिले पनि रसूल ﷺ ले मलाई भेँटघाँटको लागि रोक्नु भएन, र जहिले पनि मलाई देख्दा खेरी मुस्कुराउनु हुन्थ्यो, एक चोटि मैले शिकायत गरे कि म घोडा माथि स्थिर भएर बस्न सक्दैन, त रसूल ﷺ ले मेरो छातिमा हात राखेर प्रार्थना गर्नु भयो कि «हे अल्लाह ! यसलाई स्थिरता प्रदान गर, र सही मार्गमा हिंडने मार्गदर्शक बनाउ» र त्यस पछि कहिले म घोडाबाट खसेन ।

त्यस्तै नबी ﷺ आफ्नो नातेदारहरु सँगपनि दिल्लगी गर्थे, एकदिन आफ्नो छोरि हजरत फातिमा رضي الله عنها को घरमा आउनु भयो, र त्यहाँ आफ्नो ज्वाँइ हजरत अली رضي الله عنه लाई देख्नु भएन, त त्यसको बारेमा सोध्नु भयो कि «उ कहाँ छन?» त जवाफमा हजरत फातिमा رضي الله عنه ले भनिन् कि हामी दुवैको बीच झगडा भएको छ र त्यो रिसाएर बाहिर गएका छन, त रसूल ﷺ ले आएर हेर्नु भयो कि उ मस्जिदमा सुतिरहेका छन , च्यादर झरेको छ र शरिरमा माटो लागेको छ , त रसूल ﷺले शरिरबाट माटो सफा गर्न थाले र भन्नु भयो कि «हे अबु तुराब ! उठ । , हे अबु तुराब ! उठ । » अबुतुराबको अर्थ हो माटोको पिता ।

**बच्चाहरू सँग रसूल ﷺ को व्यवहार :** बच्चाहरु सँग रसूल ﷺ को व्यवहार साह्रै राम्रो थियो, आफ्नो पतनी हजरत आइशा رضي الله عنها सँग दौडको होडबाजीमा भाग लिनु हुन्थ्यो, र हजरत आइशा رضي الله عنها लाई आफ्नो साथीहरु सँग खेलने आज्ञा प्रदान गर्नु हुन्थ्यो, हजरत आइशा رضي الله عنها ले आफै भने कि छिन् «म नबी ﷺ को उपस्थितिमा केटिहरु सँग खेल्ने गर्थी, मेरो केहि साथीहरु थिइन् जुन् म सँग खेलने गर्थीइन, र जब नबी ﷺ आउँथे भने सबै केटिहरु लुकाइ हाल्थी, तर रसूल ﷺ सबैलाई मेरो नजिक पठाउँनु हुन्थ्यो, र त्यस पछि हामी सबै एक साथ खेलने गर्थ्यौं» ।

त्यस्तै रसूल ﷺ बच्चाहरुको रेखदेख गर्थे, उनीहरु सँग दिल्लगी गर्थे, र उनीहरुलाई माया गर्थे, अब्दुल्लाह बिन शद्दाद رضي الله عنه ले भन्नु हुन्छ कि «एक दिन इशाको नमाजमा रसूल ﷺ ले हजरत हसन वा हजरत हुसैनलाई बोकेर आउनु भयो, र बच्चालाई तल राखेर अगाडि बढनु भयो, फेरि अल्लाहु अकबर भनेर नमाज पढन थाल्नु भयो, र धेरै लामो समय सम्म सजदामा बस्नु भयो, हजरत अब्दुल्लाहले भन्नु हुन्छ कि पिताजीले भन्नु भयो कि मैले टाउको उठाए , त के हेर्छु कि रसूल ﷺ सजदामा हुनु हुन्छ र बच्चा उहाँको पिठमा बसेका छन, त्यस पछि म फेरि सजदामा गइहालें, र नमाज समाप्त भए पछि सबैले सोध्नु भयो कि हे अल्लाहको रसूल ! तपाइले यति लामो सजदा गरेको कि हामीले यो सोच्न थाले कि कुनै घटना अवश्य भएको छ वा वही (अल्लाहको पैगाम) अवतरित भइरहेको छ , त उहाँले भन्नु भयो, यस्तो केहि पनि भएन, बरु मेरो छोरा मेरो सवारि गरिरहेको थियो, र मन् भर बसन नपाइने भन्दा पहिला छिटै उतारनु मलाई राम्रो लागेन» र त्यस्तै हजरत अनस बिन मालिक رضي الله عنه ले भन्नु हुन्छ कि «नबी ﷺ को चरित्र सबभन्दा राम्रो थियो, नबी ﷺ मेरो एउटा सानो भाइ सँग यस प्रकार दिल्लगी गर्थे (हे अबु ओमैर ! के भयो नोगैर?)» र नोगैर एउटा सानो पंक्षिको नाम थियो जुन् सँग त्यो बच्चाले खेलने गर्थ्यो, र यस प्रकार नबी ﷺ ले बच्चालाई धैर्य पनि दिदै थिए